# नदीजन्य पदार्थको आन्तरिक बिक्रीका लागि सिलबन्दी बोलपत्र अव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०७८/०९/११

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क, यस घोराही उप महानगरपालिकाको आर्थिक ऐन २०७८ बमोजिम आ व २०७८/२०७९ मा तपशिलमा उल्लेखित खोला नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घोराही उप महानगरपालिकाले तोकेको (प्रति क्यू फिट रु १२। अक्षरुपि बाह्र रुपैया मु अ कर बाहेक) दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छूक फर्म वा कम्पनीहरुले फर्मको दर्ता नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/२०७८ को कर चुक्ता पमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ पन्ध्र दिन भित्र कार्यालयबाट तोकिय बमोजिमको बोलपत्र दस्तूर यस कार्यालयको नेपाल बैंक लिमिटेड घोराही मा रहेको आन्तरिक राजश्व खाता नं ०२७०३००००१००१००००१ मा जम्मा गरी www.bolpatra.gov.np/egp मा १६ औं दिनको १२ बजे भित्र रितपूर्वक बिधुतिय बोलपत्र पेशगर्न सूचित गरिन्छ । तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र प्रकृयामा सहभगी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| बोलत्रपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम ( घन मि.) | न्यूनतम अंक रु (मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| NCB/RIVERBED/GSMC/03/078/079RE | हापुरखोला गार्से कुलाको बाँध देखि उत्तर भवानी कुलाको बाँध सम्म । | १००० | ४२३७८०। | १०००। |
| NCB/RIVERBED/GSMC/05/078/079 RE | हापुरखोला अस्पराघाट देखि पश्चिम तेघरा घाट सम्म । | ५७७५ | २४४७३३०। | ३०००। |
| NCB/RIVERBED/GSMC/09/078/079 RE | बालिमखोला बालिमखोलाको बिपि राजमार्गको पुल देखि ५०० मिटर दक्षिण बालापुर झिङनी जोड्ने सडक सम्म । | ९००० | ३८१४०२०। | ३०००। |
| NCB/RIVERBED/GSMC/12/078/079 RE | सेवारखोला जबरपुर घाट बैशाही घाट | २४०० | १०१७०७२। | १०००। |
| NCB/RIVERBED/GSMC/13/078/079 RE | सेवारखोला शुक्रवार बुधौरा घाट | १६८० | ७११९५१। | १०००। |
| NCB/RIVERBED/GSMC/16/078/079 RE | बबई नदि धारापानी घाट । | ६७५० | २८६०५१५। | ३०००। |
| NCB/RIVERBED/GSMC/17/078/079 RE | बबई नदि कचिलागनार घाट । | १२००० | ५०८५३६०। | ३०००। |
| NCB/RIVERBED/GSMC/18/078/079 RE | बबई नदी राम घाट । | ५००० | २११८९००। | ३०००। |
| NCB/RIVERBED/GSMC/19/078/079 RE | बबई नदी डोलगाउ घाट | ९२०० | ३८९८७७६। | ३०००। |
| NCB/RIVERBED/GSMC/20/078/079 RE | बबई नदि घुसाघाट । | ५५०० | २३३०७९०। | ३०००। |

ऋषिराम के.सी

प्रमुख प्रशासकीय

घोराही उपमहानगरपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

| | | | | |
|---|---|---|---|---|
| NCB/RIVERBED/GSMC/21/078/079 RE | बबई नदि भैंसाही महरा टोल देखि [illegible] जाने बाटोको पूर्व पश्चिम | १३५०० | ५७२१०३०। | ३०००। |
| NCB/RIVERBED/GSMC/22/078/079 RE | बबई नदिको दुन्द्रा जंग्रहवा घाट देखि पश्चिम मछाइ घाट सम्म। | १०००० | ४२३७८००। | ३०००। |
| NCB/RIVERBED/GSMC/23/078/079 RE | बबई नदि सुर्केडांगी समसान घाट देखि बालापुर दोभान सम्म । | ८००० | ३३९०२४०। | ३०००। |
| NCB/RIVERBED/GSMC/24/078/079 RE | बबई नदि लरैना खोला दोभान देखि पश्चिम लुहाडबरा सम्म । | ६७५० | २८६०५१५। | ३०००। |
| NCB/RIVERBED/GSMC/25/078/079 RE | कटुवा खोला बबइ नदि र कटुवाखोला दोभान कटुवाखोला साईटमा । | ८००० | ३३९०२४०। | ३०००। |
| NCB/RIVERBED/GSMC/26/078/079 RE | कटुवा खोला शंखेपिपल सदगैया कुलोको बाँध देखि अम्बिकेश्वरी मन्दिरको पश्चिम सम्म । | ५४०० | २२८८४१२। | १०००। |
| NCB/RIVERBED/GSMC/27/078/079 RE | कटुवा खोला किरी कुलो बाँधको उत्तर दक्षिणतर्फ २०० मिटर सम्म । | ७०० | २९६७४६। | १०००। |
| NCB/RIVERBED/GSMC/28/078/079 RE | कटुवा खोला किरी कुलो बाँधको उत्तर दक्षिणतर्फ २०० मिटर सम्म । | २१६० | ९१५३६५। | १०००। |
| NCB/RIVERBED/GSMC/29/078/079 RE | कटुवा खोला सिस्ने खोला दोभानको ५०० मिटर उत्तर देखि माथि कटुवा खोलामा । | १०५०० | ४४४९६९०। | ३०००। |
| NCB/RIVERBED/GSMC/30/078/079 | कटुवा खोला कवाडी गाउँ देखि पुर्व ढिकपुर खेलकुद मैदान सम्म । | ८४०० | ३५५९७५२। | ३०००। |
| NCB/RIVERBED/GSMC/31/078/079 RE | सिस्ने खोला विपि राजमार्गको ५०० मिटर दक्षिण देखि घोराही लमही सडकको ५०० मि उत्तर सम्म । | २४०० | १०१७०७२। | १०००। |
| NCB/RIVERBED/GSMC/33/078/079 RE | सिस्ने कटुवा खोला दोभानको २०० मि उत्तर देखि घोराही लमही सडक खण्डको सिस्नेखोला पुलको ५०० मिटर दक्षिण सम्म । | ४२०० | १७७९८७६। | १०००। |
| NCB/RIVERBED/GSMC/34/078/079 RE | सिस्ने कटुवा खोला दोभानको २०० मि उत्तर देखि घोराही लमही सडक खण्डको सिस्नेखोला पुलको ५०० मिटर दक्षिण सम्म । | ६००० | २५४२६८०। | ३०००। |
| NCB/RIVERBED/GSMC/36/078/079 RE | गुर्जे खोलाको घोराही तुलसीपुर सडक खण्डको ५०० मिटर दक्षिण दुन्द्रा जंगवा घाट सम्म । | ४८०० | २०३४१४४। | ३०००। |
| NCB/RIVERBED/GSMC/37/078/079 RE | पत्रे खोला वईनरी खोला र पेरनी खोलाको घाट | २४०० | १०१७०७२। | १०००। |
| NCB/RIVERBED/GSMC/38/078/079 RE | पत्रे खोला आखघारी घाट | ६०० | २५४२६८। | १०००। |

ऋषिराम के.सी
प्रमुख प्रशासकीय अधि

शर्तहरु

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/२०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दुस्तुर बापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद वा यस कार्यालयको ने बै ली घोराही मा रहेको खा

कार्यालयको खाता नं०२७०३००००१००१००००१ मा नगद जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन १२ बजे सम्म विधुतिय बोलपत्र पेशगर्न गर्न सकिनेछ ।

बोलपत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खाता नं.०२७०३०००००३००००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिन सम्म म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्नू पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजतहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टास भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्तावापत ६० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता वापत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७९ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ( परफरमेन्स बन्ड) र मु अ कर र अग्रिम आय कर बापतको रकम पुरै रकम आन्तरिक राजस्व कार्यालयको खातामा जम्मा गरेको बैंक भौचर पेश गरी पट्टा उठाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाइ बुझाउनुपर्ने अन्य कर बोलपत्रदाताले छुट्टै आफै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस उप महानगरपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातवावरणीय अध्ययन प्रतिवेदन यस शिलबन्दी बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत